# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४५) काठमाडौं साउन ३ गते२०५२ साल (अतिरिक्ताङ्क १५ (अ)

## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५२ को दफा २० ले दिएको अधिकार प्रयोग गरी नेपाल अधिराज्यबाट विदेशमा निकासी गर्दा ०.५ (शून्य दशमलव पाँच) प्रतिशत निकासी सेवा शुल्क लगाई असुल उपर गर्ने व्यवस्था भएकोमा देहायका मालवस्तुहरूको निकासी सेवा शुल्कमा ०.२५ (शून्य दशमलव पच्चीस) मूल्य प्रतिशत छूट दिने निर्णय गरेको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. कुनै निकासीकर्ताले नेपालमा उत्पादित मालवस्तुहरूको वस्तुबजार विविधीकरण गर्ने उद्देश्यले राम्ररी बजार स्थापित भैनसकेको देहायका देशहरूमा देहायको परिमाण भन्दा बढी हुने गरी देहायका मालवस्तुहरू विदेशी मुद्रा भुक्तानी हुने गरी निकासी गरेमा एक पटकको लागि माथि उल्लेख भएबमोजिम प्रचलित निकासी सेवा शुल्कमा छूट दिइने छ ।

| मालवस्तुहरू | देश | परिमाण |
|---|---|---|
| क. ऊनी गलैचा | युरोपीय देश बाहेकका देशहरू | यु.एस. डलर ७००० भन्दा बढी |
| ख. तयारी पोशाक | संयुक्त राज्य अमेरिका बाहेक अन्य देशहरू | यु.एस. डलर ५००० भन्दा बढी |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| ग. | छाला | इरान र युरोपीय देशहरू बाहेक अन्य देशहरू | यु.एस. डलर ४००० भन्दा बढी |
| घ | दाल | श्रीलंका र बंगलादेश बाहेक अन्य देशहरू। | यु.एस. डलर ४००० भन्दा बढी |

२. हस्तकला, गरगहना, छालाको तयारी सामान, देहायका कृषि तथा वन्यजन्य उत्पादन र सो बाट तयार भएका मालवस्तुहरू र ऊनी पोशाकको निकासीमा माथि उल्लेख भएबमोजिम प्रचलित निकासी सेवा शुल्कमा छूट हुने छ।

कृषि, वन्यजन्य उत्पादन र सो बाट तयार भएका मालवस्तुहरूः

(क) जडीबुटी
(ख) सारयुक्त तेल
(ग) अदुवा तथा सुठो
(घ) अलैंची
(ङ) जूटबाट बनेका सामान
(च) रोजिन
(छ) फूल र फूलका बेर्ना
(ज) तरकारी र तरकारीको बीउ
(झ) फलफूल
(ञ) दालचिनी
(ट) बेसार
(ठ) मह
(ड) चिया
(ढ) कफी
(ण) अंगोरा र ऊनबाट बनेका सामान
(त) चीज
(थ) रिट्ठा
(द) रूद्राक्ष
(ध) रेशमबाट बनेका सामान
(न) केशर
(प) च्याउ

आज्ञाले,
रामविनोद भट्टराई
श्री ५ को सरकारको का.मु. सचिव

मुद्रण बिभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

२८२